# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल भदौ महिना ५ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय भैरहवाबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

### १) कर्जा शीर्षक : सब्सीडी आवाधिक कर्जा तथा सब्सीडी अधिविकर्ष कर्जा

**ऋणीको विवरण**

नाम : **भाग्यशाली गाई भैंसी फर्म प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : उमा शंकर यादव
दर्ता नं. : २२३४९२/०७६/०७७ दर्ता मिति : २०७६/०५/१९ दर्ता गर्ने कार्यालय : कम्पनी रजिस्टारको कायालर्य रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला सियारी गा.पा. वडा नं. १ स्थायी लेखा नं. : ६०९६१८५५०

**अख्तियार प्राप्त व्यक्तिको विवरण**

सघई यादवको नाति चन्द्रजित प्रसाद यादवको छोरा रुपन्देही जिल्ला चिल्हीया वडा नं. ६ हाल, सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **उमा शकंर यादव** (ना.प्र.नं. : २०८०६ जारी मिति र जिल्ला : २०५९/०१/२६, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

राम औतार यादवको छोरी चन्द्रजित प्रसाद यादवको बुहारी उमा शकंर यादवको पत्नी रुपन्देही जिल्ला सियारी गा.पा. वडा नं. १ हाल, सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **सरोज देवी यादव** (ना.प्र.नं. : ३७०१९/४२९२४ जारी मिति र जिल्ला : २०६७/०७/१५,रुपन्देही)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
मिति २०८३/०३/०४ गतेको मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (ब.मि.) |
|---|---|---|---|---|
| उमा शंकर यादव | रुपन्देही जिल्ला चिल्हीया वडा नं. ९ | ४ग | ४६३ | ०-४-३-० |
| | रुपन्देही जिल्ला वडवलिया वडा नं. १ | १ख | १४५ | ०-१-१६-० |
| | रुपन्देही जिल्ला चिल्हीया वडा नं. ५ | ५क | ४० | १-२-१५-० |

### २) कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष

**ऋणीको विवरण**

नाम : **प्रयान सप्लायर्स** प्राइभेट फर्म धनीको नाम : प्रकाश देव श्रेष्ठ
प्राइभेट फर्म दर्ता नं. : २५०६-८-२०८०/८१
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही दर्ता मिति : २०८१/०३/२८
प्राइभेट फर्मको ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६२१५७६१९१

**प्राइभेट फर्म धनीको विवरण**

मान बहादुर श्रेष्ठको नाति सूर्य वहादुर श्रेष्ठको छोरा दाङ जिल्ला गोवरडिहा वडा नं. १ हाल, रुपन्देही जिल्ला सिद्धार्थनगर वडा नं. ९ बस्ने **प्रकाश देव श्रेष्ठ** (ना.प्र.नं. : १२०५८ जारी मिति र जिल्ला : २०६३/०२/०१, दाङ)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

श्यामलाल पोखेलको छोरी सुर्य बहादुर श्रेष्ठको बुहारी प्रकाश देव श्रेष्ठको पत्नी दाङ जिल्ला गढवा गा.पा. वडा नं. १ हाल, रुपन्देही जिल्ला सिद्धार्थनगर वडा नं. ९ बस्ने **सुधा पोखेल श्रेष्ठ** (ना.प्र.नं. : ५२-०६-७५-०१४१३ जारी मिति र जिल्लाः २०७५/०३/१२, दाङ)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
मिति २०८२/१०/२७ गतेको मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (ब.मि.) |
|---|---|---|---|---|
| सुधा पोखेल श्रेष्ठ | रुपन्देही जिल्ला तिलकपुर वडा नं. ५ | ५ | १५ | ०-१०-७-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८३ साल भदौ महिना २५ गते विहीबार भित्र यस बैकको शाखा कार्यालय भैरहवा आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल भदौ महिना २६ गते सोमबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय भैरहवामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Lazimpat, Kathmandu
**Tel.:** 01-5970887
**Toll Free No.:** 16600149999 (NTC), 18102149999 (Ncell)
**E-mail:** info@muktinathbank.com.np
**Web:** www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ